जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ५० पृष्ठः ४ | २०८२ जेठ २६ गते सोमबार (Monday 09 June 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## मधेस प्रदेश : जागिर छोड्ने प्रहरीको संख्या बढ्दो

रौतहट, २५ जेठ। मधेस प्रदेशका युवामाझ कुनै समय नेपाल प्रहरीको जागिरमा ठूलो आकर्षण थियो। तर मधेसमा पछिल्लो समय प्रहरी सेवाबाट राजीनामा दिनेहरू बढिरहेको देखिन्छ। नेपाल प्रहरीमा विशेष गरी तल्लो दर्जाका कर्मचारीहरूले विभिन्न कारण देखाउँदै जागिर छाड्ने प्रवृत्ति बढ्दो छ। मुख्यतः न्यून तलब, अत्यधिक कार्यभार, राजनीतिक हस्तक्षेप, पारिवारिक जीवनमा असन्तुलन र वैदेशिक रोजगारीको आकर्षणले उनीहरूलाई जागिर छाड्न बाध्य बनाएको हो।

**कम तलब र अत्यधिक कार्यभार**

प्रहरी जवानहरूको मासिक तलब करिब २६ हजार रुपैयाँ मात्र छ, जसमा खाद्यान्न भत्ता पनि समावेश हुन्छ। यो तलब दैनिक खर्च, परिवारको पालनपोषण र




भविष्यको सुरक्षाका लागि अपुरो हुने उनीहरूको गुनासो छ। निजामती सेवाका कर्मचारीहरू ८ घण्टाको ड्युटीपछि घर फर्किएर परिवारसँग समय बिताउन पाउँछन् भने प्रहरीहरूलाई कुनै पनि समय, कुनै पनि परिस्थितिमा लामो घण्टासम्म ड्युटीमा खटिनुपर्ने बाध्यता हुन्छ। कहिलेकाहीं १८ घण्टासम्म पनि ड्युटी गर्नुपर्ने अवस्था आउने हुँदा मानसिक र शारीरिक थकान अत्यधिक हुने बताइन्छ।

**अपर्याप्त पोसाक र सुविधा**

प्रहरीहरूले ड्युटीमा खटिँदा आवश्यक पोसाकसमेत समयमा नपाउने गुनासो छ। तीन वर्षमा एक जोर जुत्ता र वर्षमा दुई सेट पोसाक मात्र उपलब्ध हुने हुँदा दैनिक १८ घण्टासम्मको ड्युटीमा ती पोसाक टिक्ने अवस्था रहँदैन। कतिपय अवस्थामा प्रहरीहरू फाटेका जुत्ता र पुराना कपडामा ड्युटी गर्न बाध्य हुने गरेका छन्।

**घाइते प्रहरीको पीडा**

ड्युटीको क्रममा गम्भीर घाइते भएका प्रहरीहरूको उपचार खर्च राज्यले नबेहोर्ने गुनासो पनि उठ्दै

–बाँकी अन्तिम पेजमा

## प्रबन्ध निर्देशक पहाडीसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं, २५ जेठ। नेपाल टेलिकमकी प्रबन्ध निर्देशक संगीता पहाडीसहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज विशेष अदालतमा नेपाल टेलिकमकी प्रबन्ध निर्देशक पहाडी, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेलसहित १८ जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए। उनीहरूले नेपाल टेलिकमको बिलिङ प्रणाली मर्मत गर्न ठेक्का प्रणाली लम्ब्याएर भ्रष्टाचार गरेको आरोप छ। अख्तियारले ३३ करोड रुपैयाँ बिगो मागदाबी गरेको छ। नेपाल टेलिकमबाट प्रतिस्पर्धाविना



भन्डै ३ अर्ब १५ करोड रुपैयाँको ठेक्का सम्झौतामा कैफियत देखिएपछि अख्तियारले विस्तृत अनुसन्धान गरेको थियो। २०७९ साल पुसमा भएको ठेक्का सम्झौता अनुसार एशिया इन्फो नामक कम्पनीले वार्षिक भन्डै ६५ करोडका दरले ५ वर्षमा ३ अर्ब रुपैयाँभन्दा धेरै भुक्तानी पाउने स्थिति थियो।

## मिसन ८४ को लक्ष्यमा जनमत अगाडि बढिरहेको छ : डा. राउत

राजविराज,२५ जेठ। जनमत पार्टीका राष्ट्रिय परिषद अध्यक्ष एवम् संगठन विभाग प्रमुख डा. जयकान्त राउतले षड्यन्त्रकारीहरुको घेराबन्दीका बावजुद मिसन ०८४ को लक्ष्यमा जनमत पार्टी अगाडी बढिरहेको बताएका छन्। सप्तरी क्षेत्र नम्बर ४ बलान विहुलमा आइतबार पार्टीको राष्ट्रिय सवन्मय परिषद बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले यस्तो बताएका हुन्। कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले जनताको आबाजवाट बुलन्द भएको जनमत पार्टीका विषयमा विरोधीहरुले भ्रम फैलाउने कार्य गरिरहेपनि जनताको साथ र प्रेमका कारण जनमत पार्टीको संगठन तिव्रताका साथ अगाडी बढीरहेको

–बाँकी अन्तिम पेजमा

## नगरपालिकामा तालाबन्दी र अनिश्चितकालीन रिले अनशन



राजविराज, २५ जेठ। सप्तरीको राजविराज नगरपालिकाकी कार्यबाहक मेयर इसरत परविन र निलम्बित मेयर भिमराज यादव वीचको विवाद उत्कर्षमा पुगेको छ। निलम्बित मेयर भिमराज यादवको नेतृत्वमा आइतबार नगरपालिकामा तालाबन्दी तथा रिले अनशन सुरु गरेपछि विवाद बाहिरिएको हो। कार्यबाहक मेयर पक्षले सामान्य प्रशासन मन्त्रालयले पठाएका भोगेन्द्र प्रसाद यादवलाई प्रमुख प्रशासकीय अधिकृतमा हाजिर गराउने तथा भिमराज नेतृत्व पक्षले कुनैपनि हालतमा हाजिर हुन नदिने अडान लिएका कारण विवाद सतहमा पुगेको नगरपालिका श्रोतको दावी छ। एक जनप्रतिनिधिका अनुसार आइतबार प्रमुख प्रशासकीय अधिकृत यादव हाजिर हुने कार्यक्रम थियो। त्यो कुरा थाहा पाएपछि विपक्षमा रहेका भिमराज पक्ष आन्दोलनमा उत्रिएको हो। दुईपक्ष वीच विवादले उग्ररुप लिएपछि भिमराज पक्षले नगरपालिकाको बेथितिको बिरुद्ध भन्दै पालिकामा तालाबन्दी गर्दै

–बाँकी अन्तिम पेजमा




**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं–नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं–नगराऔं,
- सडकमा जथाभावी नहिडौं–नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,

अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## लेखा समितिको सभापतिमा सत्ता पक्ष

प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको बैठक बसेका समयमा नेकपा (माओवादी केन्द्र)का सांसदहरू आक्रामकरूपमा समितिको नेतृत्व विपक्षीलाई दिइनुपर्ने संसदीय परम्पराको विषय उठाउँछन्। गत ११ महिनादेखि यो माग समितिमा मात्र नभएर सदनमै पनि पटकपटक उठिसकेको छ। सत्तारुढ दलले भने विपक्षीको यो आवाज र आक्रोश सुनेको देखिँदैन। यसैले होला प्रतिनिधि सभामा देखिएको विकृति प्रदेश सभामा पनि सरेको छ। गण्डकी प्रदेशमा पनि सत्तारुढ नेकपा (एमाले)ले लेखा समिति सभापति छाडेन। संसदीय पद्धतिमा सरकारले ढुकुटी चलाउँछ र विपक्षीले निगरानी गर्छन् भन्ने मान्यता हुन्छ। अर्थात्, सरकारको स्वेच्छाचार र तजबिजीमा शैलीमाथि अंकुश लगाएर शक्ति सन्तुलन कायम गर्ने प्रयत्न  हुन्छ भन्ने विश्वास छ।

विडम्बना, गण्डकी प्रदेशमा एमालेले लेखा समितिले छाडेन नै विपक्षी माओवादी केन्द्र पनि अर्को समितिको सभापति लिएर भागबन्डा गर्न राजी भयो। विपक्षी दलले पनि लेखा समितिको सभापति नपाए कुनै समितिको पनि सभापति नलिने भनेन। तर, सत्तारुढ दलले लेखा समिति कब्जा जमाउँदा समितिकै ओज र वजन कम भएको छ भने सम्बन्धित दलको पनि तेजोबध भएको आभास हुँदैछ। विपक्षको सभापति हुँदा लेखा समिति सक्रिय हुन्थ्यो। कुनै अनियमितता या घोटालाको सन्देह लागेमा समितिले बैठक बसेर प्रश्न उठाउँथ्यो, निर्देशन दिन्थ्यो। अहिले भने सभापति पदकै विवादका कारण हुनुपर्छ लेखा समिति त्यस्ता विषयमा बिरलै प्रवेश गरेको देखिन्छ। लेखा समितिमा पनि सत्तारुढ दलकै सभापति भएकाले हुनुपर्छ, ठूला काण्ड वा प्रकरणमा तत्कालै छानबिन वा प्रवेश गर्ने क्रम न्यून भएको स्पष्ट छ। आर्थिक अनियमितता वा भ्रष्टाचारका पाटामा लेखा समितिले तत्कालै छानबिन अघि नबढाएकै कारण 'विशेष संसदीय छानबिन समिति'को माग सदनमा पटकपटक उठ्ने गरेको हुनुपर्छ।

सत्तापक्षीयभन्दा विपक्षी दलबाट सभापति हुँदा स्वाभाविकरूपमा आर्थिक अनियमितता र भ्रष्टाचारका विषय सशक्त ढंगले अघि बढ्छन्। संसदीय व्यवस्थाको जननी मानिने बेलायतमा विपक्षी दलबाट लेखा समितिमको सभापति बनाउने प्रथा लामो समयदेखि निरन्तर छ। त्यसैले त्यहाँ व्यवस्थामाथि प्रश्न उठ्ने गर्दैन। संसदीय व्यवस्थाका असल पक्ष अनुसरण गरी नेपालमा पनि सार्वजनिक लेखा समिति विपक्षीलाई दिने परम्परा २०४८ मै स्थापित भएको थियो। विसं २०४८ मा सुविधाजनक बहुमत प्राप्त नेपाली कांग्रेसले लेखा समिति सभापतिमा एमालेका राधाकृष्ण मैनालीलाई स्वीकारेको थियो। विसं २०५१ मा एमालेको अल्पमत सरकार हुँदा विपक्षी दलका सांसद हृदयेश त्रिपाठी सभापति भए। त्रिशंकुकालमा बारबार सरकार परिवर्तन हुँदा पनि सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने परम्परा थियो।

सुविधाजनक बहुमत हुँदा नेपाली कांग्रेस चाहेको भए लेखा समिति आफैँ लिन सक्थ्यो २०५६ मा पनि। त्यतिबेला कांग्रेसले एमालेका सुवास नेम्वाङलाई सभापतिमा स्वीकारेको थियो। संसदीय कालखण्डभर सत्तारुढ दलले त्यसरी जबर्जस्ती लेखा समिति लिन चाहेको देखिएन। तर, २०६२/६३ पछि भने परम्परा भत्किन पुग्यो। विसं २०६६ जेठपछि त त्यो परम्परा तोडियो नै। पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा २०६५ मा कांग्रेसका रामकृष्ण यादव सभापति थिए। माओवादी बाहिरिएसँगै कांग्रेस सत्तारुढ हुन पुग्यो। तर, लेखा समितिका सभापति यादवले सभापति छाडेनन्। छाड्नका लागि माओवादीले दबाब पनि दिएन। कतैबाट प्रश्न नउठेपछि उनी सभापति रहिरहे।

कांग्रेस–माओवादीको संयुक्त सरकार चल्दा पनि सत्तापक्षले चुनावबाटै 'आफ्नै'लाई सभापति बनाएर संसदीय पद्धतिको असल अभ्यासको धज्जी उडाएकै हुन्। विसं २०७९ को चुनावपछि एमाले विपक्ष रहँदा लेखा समितिको सभापति पाएको थियो। उसले ऋषिकेश पोखरेललाई सभापति बनायो। यस सँगै अब बिथोलिएको पद्धति 'ट्र्याक'मै हिँड्ने अपेक्षा थियो।  विडम्बना, २०८१ असारमा खड्गप्रसाद शर्मा ओली प्रधानमन्त्री भएपछि एमालेले स्वतः छाड्नुपर्ने लेखा समितिको नेतृत्व छाडेन। न नेतृत्वकर्ता एमालेले सभापति छाड्न लगायो न संसदीय अभ्यास र नैतिकतामा आधारमा पोखरेलले नै राजीनामा दिए। यसरी स्थापित असल परम्परा मिचेपछि कसरी संसदीय व्यवस्था दर्बिलो हुन्छ ?  यस्ता दृश्य निरन्तर रहिरहँदा संसदीय मूल्यमान्यता र आदर्शमाथि प्रहार हुन्छ। उता एमालेले भने संविधान, नियमकानुन कतै नलेखिएको हुँदा सभापति छाड्न बाध्यकारी नभएको तर्क दिँदै आएको छ। संसदीय व्यवस्था परम्परा या अभ्यास अनुसरण गर्ने पद्धति हो। संविधान या नियमावली नलेखिए पनि विपक्षी दलका नेतालाई लेखा समितिको नेतृत्व दिने स्थापित मान्यता हो। स्थापित मान्यताको यसरी अवज्ञा हुन थालेपछि लोकतन्त्र कमजोर हुन पुग्छ। त्यसकारण किन्तु परन्तु नगरी विपक्षी दललाई सार्वजनिक लेखा समितिको नेतृत्व दिएर संसदीय व्यवस्थाको असल अभ्यासको अनुसरण गर्नैपर्छ।

# शैक्षिक संस्थाले ठुलो संख्यामा उत्पादन गरेका पत्रकार बजारले खपत गर्न सकेको छैन

**पी खरेल**

पालमा पोलिटेक्निक इन्स्टिच्युसनहरूको माग बढेको छ। यो माग किन बढ्यो होला ? किनभने परम्परागत सैद्धान्तिक ज्ञानभन्दा व्यवहारिक र सीपमूलक शिक्षाको आवश्यकता आजको रोजगार बजारले खोजेको छ। पत्रकारिता जस्तो क्षेत्र, जहाँ लेखन, सम्पादन, प्रस्तुतीकरण, र प्राविधिक ज्ञानको सम्मिश्रण आवश्यक पर्छ, त्यहाँ पोलिटेक्निक शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। तर, यसको कार्यान्वयन र गुणस्तर सोचनीय छ। यसको अर्थ हो, मागअनुसार संस्थाहरू खोलिए पनि तिनले प्रदान गर्ने शिक्षाको गुणस्तर, पाठ्यक्रमको सान्दर्भिकता, र उत्पादित जनशक्तिको दक्षतामा प्रश्न उठाउने ठाउँ छ। के हाम्रा पोलिटेक्निकहरूले साँच्चै उद्योग–तयार पत्रकारहरू उत्पादन गर्न सकेका छन् ? यो एक गम्भीर प्रश्न हो।

भारत र अमेरिका जस्ता देशहरूमा हजारौँको संख्यामा विश्वविद्यालयहरू छन्। अमेरिकामा ५,५०० र भारतमा ५,६०० विश्वविद्यालय छन्। ती देशहरूमा उच्च शिक्षाको पहुँच र विविधता कति फराकिलो छ भन्ने देखाउँछ। यसको तुलनामा नेपालमा विश्वविद्यालय र शैक्षिक संस्थाहरूको संख्या सीमित छ। पत्रकारिता जस्तो विशेषकृत क्षेत्रमा त झनै कम विकल्पहरू छन्। यसले गर्दा विद्यार्थीहरूले चाहेको विषय र गुणस्तरको शिक्षा पाउनबाट वञ्चित हुनुपरेको हुन सक्छ। प्राध्यापन र पत्रकारितामा अनुभवको महत्त्वपूर्ण हुन्छ। 'सडकबाट टिपेर प्राध्यापक बनाउन पाइन्छ' भन्ने भनाइ पाइन्छ। किताबी ज्ञानभन्दा माथि उठेर व्यवहारिक अनुभवले पत्रकारिता शिक्षालाई कसरी जीवन्त बनाउन सक्छ भन्ने महत्त्वपूर्ण छ।

सम्पादकको अनुभव नभएका व्यक्तिलाई पनि युनिभर्सिटीले प्राध्यापक बनाएको छ। त्यसैले अनुभवलाई मान्यता दिने प्रणालीको विकास हुन आवश्यक छ। के हाम्रा विश्वविद्यालयहरूले पत्रकारिता क्षेत्रमा लामो समय काम गरेका अनुभवी व्यक्तिहरूलाई प्राध्यापनमा आकर्षित गर्न सकेका छन् ? के पाठ्यक्रम निर्माणमा उनीहरूको अनुभवलाई समेटिएको छ ?  मेरो शैक्षिक यात्राको क्रममा सामुदायिक विद्यालय, जुद्धोदय पब्लिक स्कुल ( जेपी स्कुल), र विश्वविद्यालयको अनुभव लामो छ। जेपी स्कुलमा ३३३ जनाले एसएलसी दिएका थियौँ। पछि १५० जना मात्र विद्यार्थी देखिएका थिए। शैक्षिक प्रणालीमा समयसँगै आएको परिवर्तन र विद्यार्थीहरूको आकर्षणमा आएको फेरबदललाई इङ्गित गर्दछ। विद्यार्थीहरूको पारिवारिक पृष्ठभूमि, अध्ययन गर्ने वातावरण, र शिक्षकहरूको भूमिकाले पनि शिक्षाको गुणस्तरमा प्रभाव पार्ने गरेको छ।

के हाम्रा शैक्षिक संस्थाहरूले विद्यार्थीहरूको विविधतालाई सम्बोधन गर्न सकेका छन् ? के उनीहरूलाई उचित शैक्षिक वातावरण प्रदान गरिएको छ ? यो बहसको विषय हुन्छ। आफू हेड अफ डिपार्टमेन्ट हुँदा भाषाको माध्यमले विद्यार्थीहरूको बुझाइमा पार्ने असरबारे भनेको थिए। धेरैजसो समय नेपालीमै पढाइ हुनुले के देखाउँछ भने, भाषाको छनोट विद्यार्थीको सहजता र बुझाइमा आधारित हुनुपर्छ। पत्रकारितामा भाषाको शुद्धता, स्पष्टता, र प्रभावकारिता अत्यन्त महत्त्वपूर्ण हुन्छ। हाम्रा पाठ्यक्रमहरूले नेपाली र अङ्ग्रेजी दुवै भाषामा दक्षता अभिवृद्धि गर्न पर्याप्त ध्यान दिएका छैनन्। पत्रकारिता शिक्षा लिएपछि स्वतः रोजगार पाइन्छ भन्ने ग्यारेन्टी हुँदैन। बेरोजगारी तीव्र रूपमा बढिरहेको छ। यो गम्भीर समस्या हो। यसको अर्थ शैक्षिक संस्थाहरूले ठुलो संख्यामा पत्रकारिताका विद्यार्थीहरू उत्पादन गरे पनि बजारले उनीहरूलाई खपत गर्न सकेको छैन।

भाषाको महत्त्व एकदमै बढी हुन्छ। म्यागेजिन पढेर भाषा तिखारेको थिएँ। 'स्पोर्ट्स स्टार', 'स्पोर्ट्स वर्ल्ड', 'डेबोनेयर' जस्ता विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय म्यागेजिनहरू पढेको थिएँ। त्यसले मेरो भाषा र ज्ञानको दायरा फराकिलो बनाएको थियो। औपचारिक शिक्षाका साथसाथै व्यक्तिगत प्रयास, अध्ययनशीलता, र निरन्तर सिक्ने चाहनाले पत्रकारितामा सफलता हासिल गर्न मद्दत गर्दछ। हाम्रा विद्यार्थीहरूलाई यस्तो स्व–अध्ययन र निरन्तर सिकाइका लागि उत्प्रेरित गरिएको छैन। पोलिटेक्निक शिक्षामा ट्रेनिङ र सर्टिफिकेटको महत्त्व निकै हुन्छ। दुई–तीन महिनादेखि दुई वर्षसम्मको ट्रेनिङले साँच्चै दक्ष पत्रकार उत्पादन गर्न सक्छ त ? सर्टिफिकेटले मात्र व्यक्तिको क्षमताको मापन गर्न सक्छ ? यी प्रश्नहरूले पत्रकारिता शिक्षामा गुणस्तर नियन्त्रण र प्रमाणीकरणको आवश्यकतालाई जोड दिन्छ।

पत्रकारिता पढेकाहरूका लागि लोकसेवा आयोगमा अवसर सिर्जना गर्नुपर्छ। मैले यो विषय विगत १५ वर्षदेखि आवाज उठाउँदै आएको थिए। यसका लागि सम्बन्धित निकायहरूलाई दबाब दिनुपर्ने पर्छ। यदि सरकारी सञ्चारमाध्यमहरू र सूचना विभागहरूमा पत्रकारिता पढेका दक्ष व्यक्तिहरूले प्रवेश पाए भने त्यसले सरकारी सञ्चार प्रणालीलाई थप प्रभावकारी बनाउन सक्छ। जति पढे पनि फिल्डमा जाँदा भाषा र अन्य सीपमा कमान्ड हुनुपर्छ। भाषामा कमान्ड हुनैपर्छ, कोसिस गर्नैपर्छ। व्यवहारिक सीपको पनि निकै महत्त्व हुन्छ। हाम्रा शैक्षिक संस्थाहरूले विद्यार्थीहरूलाई पर्याप्त फिल्ड वर्क, इन्टर्नसिप, र व्यवहारिक अभ्यासका अवसरहरू प्रदान गरिरहेका छैनन्।

मिडियाको नाममा हुने खर्च, प्रचारप्रसार, र सामाजिक उत्तरदायित्वको विषय छ। प्रदेशहरूमा मिडियाको नाममा करोडौँ खर्च भए पनि त्यसको प्रभावकारिता र पारदर्शिता केही देखिएको छैन। के मिडियाले साँच्चै जनसरोकारका मुद्दाहरूलाई प्राथमिकता दिएको छ ? के सरकारी लगानीको सही सदुपयोग भएको छ ? यो खोजीनिती गर्नुपर्ने विषय हो। 'थ्योरी नपढ्ने र नसक्नेले थ्योरी भन्छन्। थ्योरीको महत्त्वलाई कम आँक्ने प्रवृत्ति छ। थ्योरी र प्राक्टिस एक अर्काका पूरक हुन्। राम्रो पत्रकार बन्न दुवैको ज्ञान आवश्यक पर्छ। थ्योरीले पत्रकारिताका आधारभूत सिद्धान्त, नैतिकता, र सामाजिक सन्दर्भ बुझ्न मद्दत गर्छ। भने प्राक्टिसले ती सिद्धान्तहरूलाई व्यवहारमा उतार्ने सीप प्रदान गर्छ।

पत्रकारिता शिक्षाको गुणस्तर बढाउन निरन्तर प्रयास गर्नुपर्छ। पाठ्यक्रमलाई समयसापेक्ष बनाउने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, र विद्यार्थीहरूलाई नवीनतम ज्ञान र सीप प्रदान गर्नुपर्छ। त्रिभुवन विश्वविद्यालयको जर्नालिजम् डिपार्टमेन्टमा पहिले ६० प्रतिशत पास हुने थिए। अहिले सेमेस्टर प्रणालीपछि ९० प्रतिशतभन्दा बढी पास हुने गरेका छन्। यसमा ग्रेडिङमा इन्फ्लेसन भएको हो कि गुणस्तरमा सुधार भएको हो यो मेरो अनुसन्धानको विषय छ। पत्रकारिता शिक्षामा वरिष्ठ पत्रकार, सम्पादक, र विज्ञहरूको अनुभव र ज्ञानलाई उपयोग गर्नुपर्छ। उनीहरूलाई गेस्ट लेक्चर, कार्यशाला, र पाठ्यक्रम निर्माणमा संलग्न गराउन सकिन्छ। यसो गर्दा विद्यार्थीहरूले नवीनतम ट्रेन्ड र उद्योगको वास्तविकतासँग परिचित हुन पाउँछन्।

पत्रकारितामा भाषाको शुद्धता र प्रभावकारिता महत्त्वपूर्ण भए पनि हाम्रा विद्यार्थीहरूमा यो पक्ष कमजोर छ। नेपाली र अंग्रेजी दुवै भाषामा दक्खल राख्न सक्ने जनशक्तिको अभाव खट्किएको छ। सैद्धान्तिक ज्ञानमा बढी जोड दिने तर व्यवहारिक सीप सिकाउने कुरामा कमी देखिएको छ। लेखन, सम्पादन, क्यामेरा सञ्चालन, भिडियो सम्पादन, र डिजिटल मिडियाका नवीनतम उपकरणहरूको प्रयोगमा विद्यार्थीहरूलाई पोख्त बनाउन आवश्यक छ। मिडिया उद्योगको माग र शैक्षिक संस्थाहरूले उत्पादन गर्ने जनशक्तिबिच तालमेल नमिल्दा रोजगारको समस्या देखिएको छ। उद्योगसँग नियमित संवाद र सहकार्य गरेर पाठ्यक्रमलाई अद्यावधिक गर्नुपर्ने आवश्यकता छ। गुणस्तरीय पत्रकारिता शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, र दक्ष शिक्षकहरूको अभाव पनि एउटा चुनौती हो।

डिजिटल मिडियाको द्रुत विकासले पत्रकारितामा नयाँ अवसरहरू सिर्जना गरेको छ। अनलाइन पत्रकारिता, पोडकास्टिङ, भिडियो कन्टेन्ट क्रिएसन, र सोसल मिडिया म्यानेजमेन्ट जस्ता क्षेत्रहरूमा दक्ष जनशक्तिको माग बढ्दै गएको छ। हाम्रा शैक्षिक संस्थाहरूले यी नयाँ अवसरहरूलाई सम्बोधन गर्ने गरी पाठ्यक्रम विकास गर्नुपर्छ। मिडिया उद्योगको परिवर्तनशील मागअनुसार पाठ्यक्रमलाई नियमित रूपमा परिमार्जन र अद्यावधिक गर्नुपर्छ। सैद्धान्तिक ज्ञानका साथसाथै लेखन, सम्पादन, प्रस्तुतीकरण, र प्राविधिक सीपहरूमा विशेष जोड दिनुपर्छ। मिडिया हाउसहरूसँग नियमित सहकार्य गरेर इन्टर्नसिप, फिल्ड वर्क, र अतिथि व्याख्यान जस्ता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। पत्रकारिता क्षेत्रमा अनुभवी र दक्ष व्यक्तिहरूलाई प्राध्यापन र प्रशिक्षणमा आकर्षित गर्नुपर्छ।

नेपाली र अङ्ग्रेजी दुवै भाषामा विद्यार्थीहरूको दक्षता बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। गुणस्तरीय शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार, पुस्तकालय, र प्रयोगशालाहरूको व्यवस्था गर्नुपर्छ। डिजिटल मिडियाका नवीनतम ट्रेन्ड र प्रविधिहरूबारे विद्यार्थीहरूलाई जानकारी गराउनुपर्छ। पत्रकारिताको नैतिकता र सामाजिक उत्तरदायित्वबारे विद्यार्थीहरूलाई सचेत गराउनुपर्छ। शैक्षिक कार्यक्रमहरूको निरन्तर मूल्याङ्कन गरेर आवश्यक सुधारहरू गर्दै जानुपर्छ। अन्त्यमा, पत्रकारिता शिक्षा केवल डिग्री हासिल गर्ने माध्यम मात्र होइन, यो समाज र राष्ट्रप्रतिको जिम्मेवारी बोध गराउने र लोकतन्त्रलाई बलियो बनाउने एक महत्त्वपूर्ण आधार हो। यसको सुधार र विकासका लागि सबै सरोकारवालाहरूको साझा प्रयास आवश्यक छ।

**बिमालेख हराएको सूचना**

२०८२ जेष्ठ ५ गते घर देखि सिरहा जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **एसियन लाइफ इन्स्योरेन्स क.लि.**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**विनितको नाम : जितेन्द्र प्रसाद बराल**

**बिमालेख नं. ६६१००००२६४८, ६६१००००२६५३**

# सबै टाउको दुखाइ ब्रेन ट्युमर होइनन्

**प्रा. डा. राजीव झा**
स्नायु, नसा तथा मेरुदण्डरोग विशेषज्ञ

धेरै मानिस टाउको दुख्नेबित्तिकै ब्रेन ट्युमर भएको हो कि भनेर सोच्छन्, तर परीक्षणमा मात्र २ देखि ३ प्रतिशतलाई नै पुष्टि हुन्छ। ब्रेन ट्युमरको कारण वंशाणुगत, विकिरण, खानपान, चोट र संक्रमण हुन सक्छ, र मुख्य लक्षणमा टाउको दुखाइ र वान्ता समावेश छन्। नेपालमा प्रविधि र दक्ष जनशक्तिको विकासले ब्रेन ट्युमरको पहिचान र उपचार सहज बनाएको छ, र विश्व ट्युमर दिवसको अवसरमा जनचेतना आवश्यक छ। धेरै मानिस टाउको दुख्नेबित्तिकै ब्रेन ट्युमर भएको हो कि भनेर सोच्छन्। तर, टाउको दुख्नेबित्तिकै ब्रेन ट्युमर भइहाल्छ भन्ने छैन। टाउको दुखेका १०० जनामा परीक्षण गर्ने हो भने २ देखि ३ जनालाई मात्रै ब्रेन ट्युमर हुने सम्भावना हुन्छ। ब्रेन ट्युमरसँगै यससँग सम्बन्धित अन्य लक्षण पनि देखा पर्छन्।

ट्युमर र क्यान्सर फरक चिज हुन्। मस्तिष्कसम्बन्धी जति पनि ट्युमर हुन्छन्, तिनलाई हामी ४ स्टेजमा वर्गीकरण गर्न सक्छौं। स्टेज ३ र ४ लाई हामी क्यान्सर भन्छौं, किनभने त्यसका लागि किमोथेरापी, रेडियोथेरापीजस्ता उपचार विधि चाहिने हुन्छ। शरीरका कोषिकाहरु असामान्य रुपमा बढ्दै गयो डल्लोजस्तो बन्छ र त्यसलाई क्यान्सर भनिन्छ। शरीरको अन्य भागको क्यान्सरको खास कारण अहिलेसम्म पत्ता लाग्न नसकेजस्तै मस्तिष्क क्यान्सरको पनि कारण पत्ता लाग्न सकेको छैन। तर, पहिलो कारण भनेको वंशाणुगत हो। यस्तै, अर्को कारण विकिरण हो। यस्ता विकिरण कतिपय उद्योगबाट निस्कन्छन् भने एक्स–रे या सिटी स्क्यान गर्दा तथा धेरैबेर घाममा बस्ने मानिसहरुमा पनि विकिरणका कारण क्यान्सर हुने सम्भावना हुन्छ। तेस्रो कारण भनेको खानपिन हो। मदिरा सेवन धेरै गर्ने मानिस, टाउकोमा चोट लागेकाहरु र संक्रमणले गर्दा पनि ब्रेन ट्युमरको जोखिम बढ्ने हुन्छ।

**लक्षण**

ब्रेन ट्युमरको मुख्य लक्षण टाउको दुखाइ हो। यससँगै बान्ता पनि हुन्छ। टाउको दुख्ने र दुखाइको स्तर बढ्दै जाने हुन्छ। धेरैलाई टाउको दुखाइ केही घण्टामै निको हुन्छ। बढी नै दुख्यो र माइग्रेन भयो भने तीन–चार दिनसम्म लम्बिन सक्छ। र, त्यसपछि ठीक हुन्छ। तर, ब्रेन ट्युमर छ भने दुखाइ बढ्दै जान्छ र दुखाईसँगै अरु लक्षण पनि थपिन्छ। जस्तो, वाकवाकी लाग्ने, बान्ता हुने, छारे रोगजस्तो लक्षण देखिने, प्यारालाइसिसजस्तो हुने, आँखा देख्न या कान सुन्न कम



हुने, थुक निल्न नसक्नेजस्ता लक्षण देखिन्छन्, जुन टाउको दुखाइसँगै जोडिन आउँछन्।

**कस्तो अवस्थामा चिकित्सकको परामर्श लिनुपर्छ ?**

टाउको दुखाइले दैनिक काममा असर गरेको छ, बिहान उठ्नेबित्तिकै टाउको दुख्ने र बान्ता हुने क्रम बढ्दै गइरहेको छ, या टाउको दुखाइसँगै देख्न तथा सुन्न कम हुने, हिड्न गाह्रो हुनेजस्ता लक्षण देखिए डाक्टरकहाँ गइहाल्नुपर्छ। यस्ता लक्षण छन् भने बेलैमा परीक्षण गर्दा रोग पत्ता लाग्छ र उपचार पनि सजिलो हुन्छ। तर, नेपालमा परीक्षणको प्रोटोकल न त सरकारसँग, न निजी अस्पतालसँग। जापानमा ४० वर्ष नाघेका व्यक्तिको मस्तिष्क र नशा जाँच अनिवार्य गरिएको छ। त्यसकारण अमेरिकाको तुलनामा जापानमा न्युरोसम्बन्धी रोगहरु चाँडो पत्ता लागेको देखिएको छ। तर, नेपालमा त्यस्तो छैन। त्यसैले मिल्दाजुल्दा लक्षण देखिएका छन् भने आफैंले चासो लिएर परीक्षण गराउन म सुझाव दिन्छु।

उपचार विधि ट्युमर कुन स्टेजको हो, कुन ठाउँको हो र बिरामीको उमेर कति हो भन्ने कुराले उपचार प्रक्रिया निर्धारण हुन्छ। तर ट्युमरको उपयुक्त उपचार विधि भनेको त्यसलाई जरैबाट काटेर फाल्ने हो। तर, यसका पनि सीमितता छन्। मस्तिष्क यति संवेदनशील हुन्छ कि अलिकता पनि अन्य भागलाई धक्का लाग्यो भने प्यारालाइसिस हुने जोखिम रहन्छ। कतिपय ट्युमरमा शल्यक्रिया गर्न नसकिने अवस्थामा रेडियोथेरापी तथा किमोथेरापी विधि अपनाइन्छ। तर, हरेक ब्रेन ट्युमरलाई उपचार चाहिन्छ नै भन्ने छैन। हामी बिरामीलाई ६ महिना, वर्षदिनमा एक पटक बोलाउँछौं र एमआरआई गरेर ट्युमर बढे–नबढेको परीक्षण गर्छौं। ट्युमर बढेको रहेनछ भने केही गर्दैनौं। बढेको रहेछ भने सोहीअनुसार अघि बढ्छौं। एक वर्षमा एक मिलिमिटर पनि नबढेका ट्युमरलाई हामी केही पनि गर्दैनौं।

**ब्रेन ट्युमर हुनै नदिन के गर्ने ?**

ब्रेन ट्युमर हुनै नदिने उपाय भने अहिलेसम्म पत्ता लाग्न सकेको छैन। तर, कतिपय कुरा छन्, तीबाट जोगिए यसको जोखिम घटाउन सकिन्छ। ब्रेन ट्युमरका कारणमध्ये विकिरण प्रमुख हो। धेरैजसो बिरामीहरु शरीरका कुनै पनि अंगमा समस्या आउनेबित्तिकै सीटीस्क्यान गरिदिन आग्रह गर्छन्। तर, जबसम्म जरुरत छैन र डाक्टरले गर्नुस् भन्दैनन्, तबसम्म आफ्नो रुचिमा विकिरणजन्य परीक्षण गराउनु हुन्न। यस्तै, उद्योगबाट निस्कने विकिरण, संक्रमण तथा टाउकोको चोटपटकबाट बँच्यो भने ब्रेन ट्युमरलाई धेरै हदसम्म जोगाउन सकिन्छ।

**नेपालको ब्रेन ट्युमरको उपचार अवस्था**

पछिल्ला दशक ब्रेन ट्युमर पत्ता लगाउने सीटी स्क्यान, एमआरआई जस्ता अत्याधुनिक प्रविधि तथा दक्ष जनशक्ति बढ्दै गएका छन् भने यस्तो सुविधा काठमाडौंबाहेकका ठूला शहरमा पनि थपिने क्रम जारी छ। यसैले रोग पत्ता लाग्ने क्रम पनि बढ्दै गएको छ। प्रविधिको कुरा गर्ने हो भने नेपालमा अन्तर्राष्ट्रियस्तरमा उपलब्ध ९९.९ प्रतिशत प्रविधि उपलब्ध छ। आज विश्व ट्युमर दिवस मनाइँदै छ। यस अवसरमा यो रोगका बारेमा जनचेतना फैलाउनु जरुरी देखिएको छ। प्रविधिको विकासका कारण ब्रेन ट्युमर भइसकेपछि पहिलाजस्तो भयावह अवस्था अहिले छैन। आउँदो एक–दुई दशकमा अवस्था यस्तो आउला, न्युरो सर्जरी पनि विना चिरफार सम्भव हुनेछ।


















## कविता

# प्यार के पहिल चिट्ठी



**भोला यादव**
रौतहट पेटभर्वा

चुपचाप नजर से बात भइल,
दिल के हालत खास भइल।
पहिल बेर जब ओके देखनी,
त लगता रहल, कुछ नईखे ठिक भइल।
कापी के पन्ना पर नाम लिखनी,
फेर डर से ओहके फाड़ देनी।
सोचनी कहे दीं, खुल के एक दिन,
लेकिन हर बेर खुदे से हार देनी।
चिट्ठी में लिखल दिल के बात,
"तोहरे बिना सूना लागे हर रात।
एक बेर तू मुस्कुरा दे,
हमके आपन बना ले।"
अबो ले चिट्ठी मन में बा,
पढते–पढते नयन भींज जाला।
प्यार के ऊ पहिल चिट्ठी,
आजो याद बनके जीय जाला।

## मधेस प्रदेश :...

आएको छ। कतिपयले खेत बेचेर वा ऋण लिएर उपचार गराएको पीडा व्यक्त गरेका छन्। यस्तै अन्य प्रदेशमा सरुवा हुँदा परिवारसँग टाढा बस्नुपर्ने बाध्यताले प्रहरीहरूको पारिवारिक जीवनमा असन्तुलन ल्याएको छ। विशेषगरी पहाडी जिल्ला र मधेशबीचको भौगोलिक दूरीका कारण यो समस्या अझै जटिल देखिन्छ।

**पेन्सनको व्यवस्थामा पनि असन्तोष**

प्रहरी सेवाबाट १६ वर्ष पूरा भएपछि पेन्सनको व्यवस्था भए पनि सेवा अवधिको आधारमा सुविधा फरक नहुने प्रणालीप्रति पनि असन्तोष देखिएको छ। १६ वर्ष र ३० वर्ष सेवा गरेका प्रहरीलाई लगभग समान सुविधा दिइने भएपछि धैरैले १६ वर्षमै जागिर छाड्ने गरेका छन्। मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरका अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्म ८३ जना प्रहरीले राजीनामा दिएका छन्। तीमध्ये बरिष्ठ सई १ जना, असई १४, बरिष्ठ हवलदार २१, हवलदार ३१, सहायक हवलदार ४, जवान ९ र कार्यालय सहयोगी ३ जना रहेका छन्।

**प्रहरी नेतृत्वको धारणा**

मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी उमा प्रसाद चतुर्वेदीले संचारकर्मीसँगको कुराकानीमा प्रहरी सेवाबाट राजीनामा दिने प्रवृत्ति देशैभर बद्दो रहेको स्वीकार गरे। महँगीअनुसार तलब, भत्ता, सुविधा नबढेकोले यस्तो अवस्था आएको हुनसक्ने उनले बताए। प्रहरीका छोराछोरीको शिक्षाको ग्यारेन्टी, परिवारसहितको स्वास्थ्य उपचार, बद्दो महँगी अनुसार राशन र ड्युटीका आधारमा अतिरिक्त भत्ता दिने व्यवस्था भएमा प्रहरी जागिरप्रति पुनः आकर्षण बढ्न सक्ने चतुर्वेदीको सुझाव छ। एकजना अवकाशप्राप्त प्रहरी अधिकृतका अनुसार समस्याको दीर्घकालीन समाधानका लागि तलब र सेवासुविधा सुधार, पारदर्शी सरुवा र बढुवा प्रक्रिया, पारिवारिक जीवनसँग सन्तुलन कायम गर्ने नीति र पोसाक तथा उपकरणको समयमै उपलब्धता सुनिश्चित गर्न आवश्यक छ।

## मिसन ८४ को...

बताए। उनले भ्रष्ट प्रणालीलाई सुधार गरेर विकासको मुलप्रवाहलाई तिव्रताका साथ अगाडी बढाउनुपर्नेमा जोड दिए।

अनुशासित र संगठित कार्यकर्ता नै संगठनको शक्ती स्रोत रहेको बताउँदै उनले ०८४मा तिनैतहको सरकारमा जनमत पार्टीको उपस्थिती मजवुत बनाउने गरी संगठन निर्माणमा लाग्न कार्यकर्तालाई आग्रह गरे। कार्यक्रममा वलान विहुल गाउँपालिका अध्यक्ष खेमचन्द यादव , प्रेस जनमत संघका केन्द्रीय अध्यक्ष अवधेशकुमार झा, प्रचार प्रसार विभाग प्रमुख उपेन्द्र साह, जिल्ला इन्चार्ज रामगमन साह, पार्टी नेतृदय पिंकी भगत र प्रियंका कुमारी सन्त लगायतकाले मन्तव्य व्यक्त गरे।

## नगरपालिकामा...

अनिश्चितकालीन रिले अनशन सुरु गरेको छ। जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता समेत रहेका यादब सहित सयौँ नगरवासीहरूले नाराबाजी गर्दै राजबिराज नगरपालिकामा व्यापक भष्ट्राचार भएको भन्दै तालाबन्दी गरेको गरेका छन्।

यादव पक्ष ९ बुंदे माग राख्दै अनिश्चितकालीन रिले अनशनमा बसेको छन। सिसिटिभी जडानमा अनियमितता, बिटौरी जग्गाको लालपुर्जा बितरण गर्नुपर्ने, लामखुट्टेको औषधी छर्कनु पर्ने, नगर भित्र निर्माणधीन सडकहरू वर्षौदेखि अलपत्र रहेकोले अविलम्व काम सुरु गर्नुपर्ने उनीहरुको रहेको छ। यसैगरी राजबिराज नगरपालिकामा उपसचिव सरहको प्रमुख प्रशासकीय अधिकृत पठाउनुपर्ने, नगरपालिकाको सरसफाईलाई ब्यबस्थित गर्नुपर्ने, ट्राफिक ब्यवस्था अब्यबस्थित रहेको तथा नगरप्रहरी भर्ना अविलम्ब गर्नुपर्ने, राजबिराज नगरभित्रको बिजुली बतीको नाम ६० लाख भुक्तानीको छानबिन गर्नुपर्ने, तरकारी बजार सडकमै भएकोले त्यसको उचित व्यवस्थापन गर्नुपर्ने माँग सहित संघर्षमा उत्रिएको उनीहरूको भनाइ छ ।

यता कार्यबाहक मेयर परविनले बजेटको बार्गेनिङ गर्न निलम्बित मेयर यादवले यस्तो हर्कत गरेको बताइन्। उनले प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर हुन नदिन र नगरपालिकाको नियमित काम कारबाहीलाई अबरोध गर्ने नियतबस अराजक गतिविधि गरेको आरोप लगाइन्। तालाबन्दीका कारण नगरपालिकाको सम्पुर्ण कामकाज पूर्ण रुपले प्रभावित भएको छ।


छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मधेश प्रदेश सरकार
प्रदेश वन निर्देशनालय
उद्योग, पर्यटन तथा वन मन्त्रालय
**डिबिजन वन कार्यालय**
**सिरहा, लहान**

**जनहितमा जारी सन्देश**

- वन, वन्यजन्तु, जल र जमिन प्रकृतिको अमूल्य उपहार, यिनको संरक्षण, सम्बर्द्धन र सदुपयोग हाम्रो जीवनको आधार।
- वनले दिन्छ स्वच्छ वायु, स्वास्थ्य र जीवन र दीर्घायू।
- वनमा आगो लगाउनु हुन्न, ध्वस्त हुन्छ वन, लाखौं जीवजन्तु मर्दा कति रोला हाम्रो मन।
- त्यसैले वनभित्र सलाई, लाईटर, पेट्रोल, मट्टितेल जस्ता आगो जन्यवस्तु नलगौं, चुरोट, ठुट्टा, सलाईको काँटी जस्ता आगो लाग्ने वस्तु वन क्षेत्र भित्र नफालौं, सो प्रयोग पश्चात् राम्रो सँग निभाएर मात्र फालौं।
- वनभोज जस्ता कार्य वन क्षेत्रभित्र नगरी, गरेको ठाउँमा प्रयोग गरिएको आगो राम्रो संग निभाऔं।
- केही कारणले वनमा आगो लागि सकेपछि तुरुन्त वन उपभोक्ता समूह, डिबिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नेपाली सेवा, जिल्ला प्रशासन कार्यालया खबर गरौं र प्रत्येक उपभोक्ता आगो निभाउने सामाग्री बोकी आगो निभाउन जाऔं।
- वन मा आगो लगाउनु कानूनी अपराध हो, कसैले लगाएमा बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**सडक डिबिजन कार्यालय**
**लहान, सिरहा**

**सडक डिबिजन कार्यालय लहानको सूचना !**

वन, फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय संचालन गर्ने, बिना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसार पोसार गर्ने सबै कार्य वन अपराध हुन्। यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम बरामद वन पैदावारको बिगो जफत गरी अधिकतम् पाँच वर्ष सम्म कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ। त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनु हुन सबैमा अनुरोध गरिन्छ।

नेपाल सरकार
ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय
जल स्रोत तथा सिंचाई विभाग
**कमला सिंचाई व्यवस्थापन कार्यालय**
**पोर्ताहा, धनुषा**

**सर्वसाधारणमा अनुरोध**

- नहर तथा कुलो नमिचौं र सिंचाई श्रोतको संरक्षण गरौं।
- नहरको डिलमा घर नबनाऔं, आफू बचौं र नहर जोगाऊ।
- नहर सार्वजनिक सम्पत्ति हो, जसको रेखदेख गर्नु सबैको कर्तव्य हो।
- नहर क्षेत्रामा गैरकानूनी निर्माण कार्य रोकी, यसको संरक्षण गरौं।
- वर्षा र नदीनालाको पानी सञ्चित गरी सिचाईमा उपयोग गरौं।
- बाढी पहिरोबाट बच्न नहर क्षेत्रको अतिक्रमण होइन संरक्षण गरौं।
- नहर फराकिलो फराकिलो बनाई, यसको संरक्षण र सम्बर्द्धन गरौं।
- नदी तथा तटीय क्षेत्रमा जल उत्पन्न प्रकोपबाट हुने सम्भावित क्षतिबाट सतर्क र सचेत रहौं।



**पानीमा डुब्ने घटना रोकथाम गर्ने उपायहरु**

- वर्षायाममा वा आँधीबेरी आउने बेलामा खोला, नदि, ताल आदिमा बाढि आउन सक्ने भएकोले यस्ता अवस्थामा बालबालिका साथै सबै उमेरका व्यक्तिहरुले समेत शतर्कता अपनाउनुपर्दछ।
- बालबालिकाहरु पानीमा हुँदा वा पानी वरपर हुँदा अभिभावकहरुले निरन्तर निगरानी गर्नुपर्दछ।
- पानीमा पौडि खेल्ने बेलामा वा अरु कुनै पानीमा गरिने गतिविधिहरु गर्दा बालबालिकाका साथै सबै उमेरका पौडि खेल्न नजान्ने व्यक्तिहरुले लाइफ ज्याकेट अनिवार्य प्रयोग गर्नुपर्दछ।

**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सखुवानन्कारकट्टी, सिरहा
मधेश प्रदेश, नेपाल



**पानीमा डुब्ने घटना रोकथाम गर्ने उपायहरु**

- वर्षायाममा वा आँधीबेरी आउने बेलामा खोला, नदि, ताल आदिमा बाढि आउन सक्ने भएकोले यस्ता अवस्थामा बालबालिका साथै सबै उमेरका व्यक्तिहरुले समेत शतर्कता अपनाउनुपर्दछ।
- बालबालिकाहरु पानीमा हुँदा वा पानी वरपर हुँदा अभिभावकहरुले निरन्तर निगरानी गर्नुपर्दछ।
- पानीमा पौडि खेल्ने बेलामा वा अरु कुनै पानीमा गरिने गतिविधिहरु गर्दा बालबालिकाका साथै सबै उमेरका पौडि खेल्न नजान्ने व्यक्तिहरुले लाइफ ज्याकेट अनिवार्य प्रयोग गर्नुपर्दछ।

**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
महेशपुर पतारी, सप्तरी
मधेश प्रदेश, नेपाल



**पानीमा डुब्ने घटना रोकथाम गर्ने उपायहरु**

- वर्षायाममा वा आँधीबेरी आउने बेलामा खोला, नदि, ताल आदिमा बाढि आउन सक्ने भएकोले यस्ता अवस्थामा बालबालिका साथै सबै उमेरका व्यक्तिहरुले समेत शतर्कता अपनाउनुपर्दछ।
- बालबालिकाहरु पानीमा हुँदा वा पानी वरपर हुँदा अभिभावकहरुले निरन्तर निगरानी गर्नुपर्दछ।
- पानीमा पौडि खेल्ने बेलामा वा अरु कुनै पानीमा गरिने गतिविधिहरु गर्दा बालबालिकाका साथै सबै उमेरका पौडि खेल्न नजान्ने व्यक्तिहरुले लाइफ ज्याकेट अनिवार्य प्रयोग गर्नुपर्दछ।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)